
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ३१ गते आइतबार ❑ 14 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## जनताको पक्षमा काम गरे सरकारलाई हाम्रो सहयोग रहन्छ : लामिछाने

**रासस**
काठमाडौं, ३० बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जनताको पक्षमा काम गर्दै गए सरकारलाई आफ्नो पार्टीले सहयोग गर्ने बताउनुभएको छ ।

शनिबार यहाँ राष्ट्रिय स्वतन्त्र पार्टी सूर्यविनायक नगर समिति गठन कार्यक्रममा उहाँले आफ्नो पार्टी नागरिकको पक्षमा काम गर्ने सरकारलाई सहयोग गर्ने प्रतिपक्षका रूपमा उभिने बताउनुभयो ।

सभापति लामिछानेले भन्नुभयो, "प्रधानमन्त्रीलाई मैले हिजो बालुवाटारमा गएर भेटेको छु, मैले उहाँलाई हौसला दिएर आएको छु, भ्रष्टाचारका सबै फाइल एकपछि अर्को खोल्नूस्, जुनसुकै दलका नेता परे पनि जोगाउन नलाग्नूस्, दोषीमाथि कारबाही गर्नूस्, हाम्रो पार्टीबाट नागरिकका पक्षमा काम गरे सहयोग गर्छौं ।" उहाँले सरकारलाई दोषीमाथि कारबाही र पक्राउ गर्न खुट्टा नकमाउन आग्रह गर्दै नक्कली भूटानी शरणार्थी काण्डमा सरकारलाई धन्यवाद दिएको तथा वाइडबडी, यति, ओम्नी लगायतका सबै काण्डहरूको फाइल खोल्दै गए धन्यवाद दिँदै जाने र सहयोग गर्दै जाने बताउनुभयो । कार्यक्रममा रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले सबै पार्टी मिलेर भ्रष्टाचार निर्मूल पार्दै राजनीतिलाई शुद्धिकरण गर्नुपर्ने औंल्याउँदै नेताले भ्रष्टाचार गरेर नियतवश जनतालाई गरिब बनाएको आरोप लगाउनुभयो ।

रास्वपाका केन्द्रीय सदस्य डा तोसिमा कार्कीले देशमा व्यवस्था परिवर्तन भए पनि शासकीय सोच परिवर्तन नभएको भन्दै व्यवस्था नभई देशको अवस्था परिवर्तन गर्ने अभियान आफ्नो पार्टीले चलाएको बताउनुभयो ।

## आर्थिक नीति सुधार्ने गरी काम गर्छु : आर्थिक मामिलामन्त्री आले

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० बैशाख

गण्डकी प्रदेशका नवनियुक्त आर्थिक मामिलामन्त्री जितप्रकाश आलेले प्रदेशको खस्कँदो आर्थिक नीति सुधार्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

शुक्रबार पदभार ग्रहण गरेपछि तनहुँ आउनुभएका मन्त्री आलेले नेपाली कांग्रेस तनहुँले आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा आफ्नो कार्यकालमा प्रदेशवासीको आर्थिक सुधारको कार्यक्रम नै मुख्य प्राथमिकतामा पर्ने बताउनुभयो । "अहिले मुलुकको आर्थिक अवस्था खस्कँदो छ । प्रदेशको आर्थिक अवस्थालाई सुधार गर्नु मेरो पहिलो प्राथमिकता हुनेछ", उहाँले भन्नुभयो ।




मन्त्री आलेले आफूले जिल्ला र प्रदेशका जनतामाथि विश्वासघात नगर्ने बताउँदै नागरिकको हितलाई केन्द्रमा राखेर इमान्दारीपूर्वक मन्त्रालयको क्षेत्राधिकारलाई सदुपयोग गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले प्रदेशको आगामी बजेटमा जनमैत्री कार्यक्रम पर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य शङ्कर भण्डारी, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, नेपाली कांग्रेस तनहुँका उपसभापति राजेन्द्रकृष्ण श्रेष्ठलगायतले प्रदेशको खस्कँदो आर्थिक अवस्थालाई सुधारेर जनताको मन जित्ने कार्यमा जुट्न सुझाव दिनुभएको थियो ।

## ब्याडमिन्टनमा कास्कीको मैत्री पाठशाला च्याम्पियन, वडा तर्फ पोखरा १६ विजेता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख



पोखरामा शनिबार अबेर सम्पन्न भएको भदे दोश्रो राष्ट्रिय पोखरा महानगर र मोहन मेमोरियल खुल्ला तथा अन्तर बिद्यालय राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा कास्कीको मैत्रि पाठशाला च्याम्पियन भएको छ ।

गत बर्षको च्याम्पियन ग्यालेक्सि पब्लिक स्कुललाई पछि पार्दै पोखराको मैत्रि पाठशाला च्याम्पियन भएको हो। पोखरा महानगरपालिका खेलकुद विकास समिति र मोहन भुगोल ब्याडमिन्टन फाउण्डेसनको संयुक्त आयोजनामा पोखरा रगंशालाको ब्याडमिन्टन कोर्टमा शनिबार बेलुका अबेर सम्पन्न भएको वडा स्तरिय प्रतिप्रर्धामा भने पोखरा १६ ले बाजी मारेको छ ।

निमावि छात्र एकल तर्फको खेलमा काठमाण्ठौंको क्याम्पियन स्कुलका सुदेस राजकोटीले काठमाण्डौंकै रोज म्यारी आइडलका दियोन भण्डारीले शनिबार भएको फाइनल खेलमा २१–८, २१–५ को सोझो सेटमा पराजित गरी प्रथम भए । त्यस्तै निमावि छात्रा एकल तर्फ कास्कीको मैत्रि पाठशालाकी निभा राईले फाइनल खेलमा बिद्या बिकासकी आस्ना श्रेष्ठलाई २१–१४, २१–१४ को सेटमा पराजित गर्दै विजेता भईन्। निभा यू–११ की राष्ट्रिय खेलाडी हुन्। प्रतियोगितामा कास्कीकी मैत्रि पाठशालाकी निभा राई उदीयमान खेलाडी घोषित भईन । उनलाई माउण्टेन वाइक समेत पुरस्कार प्रदान गरिएको छ । उनको बिद्यालय उत्कृष्ट स्कुल समेत हुन सफल भएको छ । जसले रनिङ शिल्ड आफ्नो पोल्टामा पार्न सफल भयो ।

मावि छात्र एकल तर्फको खेलमा बागमती अल्टरनेटिभका सुविन श्रेष्ठले फाइनल खेलमा श्रीकृष्ण संस्कृत तथा साधारण माविका इन्केशसिंह ठकुरीलाई २१–७, २१–५ को लज्जास्पद रुपमा पराजित गर्दै प्रथम भए ।

त्यस्तै मावि छात्रा एकल तर्फको खेलमा पोखराको सेन्टम्यारिज स्कुलकी यू १७ की राष्ट्रिय च्याम्पियन दिलासा रानाले काठमाण्डौंकी ग्लालेक्सी पब्लिक स्कुलकी रिहान शेरचन फाइनलमा २३–२१, २१–१४ को सेटमा पराजित गर्दै प्रथम भए ।

३५ बर्ष माथि उमेर समुह युगल पुरुष तर्फ कास्कीका बिशाल खड्का र त्रिभुवन आर्मी क्लवका सुरज मर्हजनको जोडीले फाइनल खेलमा चितवनका विधान गुरुङ र कुस्माका राजन गुरुङको जोडीलाई २१–११, २१–१४ को सेटमा पराजित गर्दै विजेता भए । त्यस्तै ४५ बर्ष माथि उमेर समुह युगल पुरुष तर्फ कास्कीका डोलराज आले र पर्वतका प्रेम गुरुङको जोडीले कास्कीका नर बहादुर गुरुङर बाँकेका अनिल लाखेको जोडीलाई २१–१६, २१–९ को सेटमा पन्छाउदै प्रथम भए । ५५ बर्ष माथि उमेर समुह युगल पुरुष तर्फ चितवनका बि.चौधरी र धादिङका बि.लाल श्रेष्ठको जोडीले कास्कीका बाबुराम पन्त र कास्कीकै महेश शाक्यको जोडीलाई २१–१६, २३–२१ को सेटा पराजित गर्दै प्रथम भए । पोखरा महानगर वडा स्तरिय पुरुष डवल तर्फको खेलमा पोखरा १६ का अनिल बस्नेत र बिशाल बस्नेतको जोडीले फाइनल खेलमा पोखरा १६ कै इसान खड्का र आशिस श्रेष्ठको जोडीलाई २१–११, २१–१४ को सेटमा पराजित गर्दै विजेता भए । वडा स्तरियमा समेत पोखरा १६ उत्कृष्ट वडा घोषित भएको छ । प्रतियोगितामा निमावि छात्रा तर्फ अस्मिता खत्रि भने उत्कृष्ट खेलाडी घोषित भईन । त्यस्तै निमावि छात्र तर्फ काठमाण्डौंको रोजमेरी आइडोलका दवन भण्डारी उत्कृष्ट खेलाडी घोषित भए ।

प्रतियोगितामा निमावि स्तरिय बिजेता खेलाडीहरुलाई गिफ्ट ह्याम्पर उपहार पूदान गरियो भने अन्य विधामा प्रथम हुनेलाई ३०, दोश्रोलाई २० र तेश्रो हुनेलाई जनही १० हजार पुरस्कार प्रदान गरिएको छ ।

विजयी खेलाडीहरुलाई कार्यक्रमका प्रमुख अतिथी समाजसेवी एवं रामघाट गुम्बाका संस्थापक विल बहादुर गुरुङ, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङ, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ, जिल्ला अध्यक्ष शुसिल कुमार श्रेष्ठ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, पोखरा १६ का अध्यक्ष अमृत तिमिल्सिना, फाउण्डेसनका अध्यक्ष भुगोल गुरुङ, पोखरा खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदार, कार्यक्रम संयोजक सुर्वण गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए । उक्त अवसरमा कास्की जिल्ला ब्याडमिन्टन संघका संस्थापक अध्यक्ष जयराज हमाललाई बिषेश सम्मान गरिएको थियो ।

उक्त प्रतियोगितामा अन्तराष्ट्रिय कम्पनी भदे नेपालले मुख्य प्रायोजन गरेको फाउण्डेसनका सचिव बरदान ताङ्वे लामाले बताए । चर्चित भदे कम्पनीले ट्रेकिङका सामानहरु बिक्रि गर्दै आएको छ । प्रतियोगिता वैशाख २७ देखि सुरु भएको हो ।

## पुतलीबजारमा फस्टाउँदो 'ड्रागन खेती'

**पोखरापत्र संवाददाता**
वालिङ, ३० बैशाख

सिउँडीको जस्तै काँडामा फल्ने अनौठो फलमा मुक्तबहादुर रानाको मन गयो ।

स्याङ्जाको पुतलीबजार-१३ का रानाले १५ वर्षअघि अनौठो र नौलो देख्नुभएको फल लाग्ने चार वटा विरुवा घरमा ल्याउनुभयो। सुरुमा लगाएका चार वटा बेर्नाबाटै अहिले हजारौं बेर्ना लगाउने र व्यावसायिक उत्पादन थाल्ने कल्पना सुरुमा उहाँमा थिएन । जब ती चार वटा बोटबाट उत्पादन राम्रो हुन थाल्यो तब उहाँले हाँगा काट्दै नर्सरी गरी बेर्ना उत्पादनमा जोड दिनुभयो । सुरुमा लगाइएका चार वटा बेर्नाले उहाँलाई व्यावसायिक बन्नमा महत्वपूर्ण भूमिका खेल्यो । "कस्तो हुनेरैछ भन्ने कौतुहलता जागेर बेर्ना लिएर आएँ, बेर्ना सारेको केही वर्षपछि फल दिन सुरु भयो", उहाँले भन्नुभयो, "फल लाग्न थालेपछि छुट्टै ऊर्जा मिल्यो र त्यहीँबाट बेर्ना उत्पादन गर्दै व्यावसायिकरुपमा ड्रागन खेतीको विस्तार गरेँ ।"

दिउँसोको समयमा संस्थागत विद्यालयमा अध्यापनरत उहाँले विशेष गरी बिहान, साँझ वा बिदाका दिनमा ड्रागन खेतीको विस्तारमा ध्यान दिनुभयो । "अन्नबाली उब्जाउ हुँदै आएको जमिनमा सुरुका दिनमा धान, गहुँ, मकैलगायतका खाद्यान्न बाली नलगाई ड्रागन लगाउन चुनौती थियो", उहाँले भन्नुभयो, "जब राम्रो हुँदै गयो तब ड्रागन खेती पनि विस्तार हुँदै गयो ।" पन्ध्र वर्षअघि घरमा परीक्षण गर्न ल्याइएको बेर्नाबाट उत्पादन राम्रो हुँदै गएपछि बर्सेनि आफैंले बेर्ना उत्पादन गर्दै लगाउँदै गएको उहाँ बताउनुहुन्छ । सुन्तला उत्पादन हुन्छ कि भन्ने लागेर केही वर्ष सुन्तलाका बोट लगाइएको थियो । सुन्तलाका बोट ठाडै मरेपछि माटो परीक्षण गर्दा ड्रागन उपयुक्त हुन्छ भन्ने कृषि विज्ञसँगको परामर्शपछि ड्रागन खेती थालिएको उहाँले बताउनुभयो । "परीक्षणका लागि ल्याइएको चार वटा बेर्नाले व्यवसायी बनाउँछ भन्ने लागेको थिएन", उहाँले भन्नुभयो, "धान, मकै, गहुँजस्ता खाद्यान्न बालीबाट भन्दा यसबाट आम्दानी धेरै हुने गरेकाले यसतर्फ आकर्षित भएको हुँ ।" चार रोपनी क्षेत्रफलमा ड्रागन खेती गरेर व्यावसायिक उत्पादन थाल्नुभएका रानाले गत वर्ष रु ६० हजार आम्दानी गर्नुभएको थियो । गत वर्ष आफन्त, घरमा आएका पाहुनालगायत छर छिमेकमा बाँडेर रहेको बिक्री गर्दा उक्त आम्दानी भएको उहाँ बताउनुहुन्छ । आफैंले उत्पादन गरेका बेर्ना बर्सेनि थप गर्दै जाँदा अहिले उहाँसँग १३ रोपनी क्षेत्रफलमा पाँच हजार बेर्ना रहेका छन् । आगामी वर्षमा पनि करिब दुई हजार पाँच सय बिरुवाले उत्पादन दिने उहाँको अनुमान छ । त्यसबाट राम्रै आम्दानी हुने अपेक्षा छ । करिब दुई वर्षपछि सबै बोटले फल दिन थाल्ने भएकाले उत्पादन तीन दोब्बरले वृद्धि हुने उहाँ दाबी गर्नुहुन्छ । "सबै बोटले फल दिँदा एक सिजनमा रु १२ देखि १५ लाख आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "अहिले प्रतिकेजी रु छ सयका दरले बिक्री हुँदै आएको छ ।" यहाँ उत्पादन भएको ड्रागन स्थानीय बजार तथा पोखराका बजारमा सहजरुपमा बिक्री भइरहेको छ ।

अहिले उत्पादनभन्दा बजारमा यसको माग धेरै रहेकाले मागअनुसार पुऱ्याउन नसकिएको उहाँले बताउनुभयो । उहाँले ड्रागन खेतीसँगै मिश्रित बालीको रुपमा अकबरे खुर्सानी, कुरिलो, बन्दा, बदाम, गाँजरलगायतका तरकारी बाली लगाउनुभएको छ । उत्पादन राम्रो हुनुका साथै बजारमा माग बढ्दै गएकाले क्षेत्र विस्तार गर्ने तयारीमा रहेको उहाँको भनाइ थियो । "परम्परागतरुपमा गरिँदै आएको खेती प्रणालीबाट फाइदा हुन्छजस्तो मलाई नलागेकाले धान, मकै, गहुँको साटो व्यावसायिक ड्रागन खेती सुरु गरेको हुँ", उहाँले भन्नुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरादेखि नेपालगन्ज र दाङसम्म माईक्रो बस सेवा जेठदेखि संचालन हुने

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

समय र यात्रुको माग अनुसार आउँदो जेठ एक गतेबाट पोखरादेखि नेपालगन्ज र पोखरादेखि दाङसम्मको लागि एसि सहितको हाईस माईक्रो बस सेवा संचालन हुने भएको छ।



बिहानको समयमा पोखरादेखि स्याङ्जा वालिङ हुदै नेपालगन्ज र दाङसम्म जाने बस सेवा नभएको अबस्थामा आफुहरुले आउँदो जेठ देखि उक्त माईक्रो बस सेवा संचालन गर्ने भएको स्याङ्जा गण्डकी यातायात प्रा.लि.का अध्यक्ष भानुभक्त बरालले बताए।

हाल पोखरादेखि नेपालगन्ज र पोखरा दाङसम्म जान तथा आउनको लागि नारायणगढ हुदै जाने ठुलो बसहरु रात्री सेवामा दुई दिन लाग्ने गर्दथ्यो । उक्त एसि सहितको हाईस माईक्रो बस सेवा संचालन भएसंगै यात्रुहरुले एकै दिनमा आफ्नो गन्तव्यमा पुग्न सक्ने भएको अध्यक्ष बरालले दाबी गरे। पोखरा देखि नेपालगन्जको लागि पोखराको पृथ्वीचोकबाट बिहान ५:१५ बजे र पोखरा देखि दाङका लागि विहान ५:४५ बजे उक्त माईक्रो बस छुट्ने भएको उनले बताए । त्यसै गरी नेपालगन्ज तथा दाङबाट पोखराका लागि बिहान सोही समयमा बस छुट्ने भएको छ।

नेपालगन्जको लागि शुभकामना सार्वजनिक यातायात प्रा.लि. तथा सगरमाथा यातायात प्रा.लि.ले सेवा दिने भएको छ भने दाङको लागि अम्बिकेशरी सार्वजनिक यातायात प्रा.लि.ले सेवा दिने भएको छ । पोखरा देखि नेपालगन्जको लागि भाडा दर २ हजार १ सय ७५ र पोखरा देखि दाङसम्मको लागि भने १ हजार ६ सय ५० रुपैया रहेको छ।

स्याङ्जा गण्डकी यातायाता प्रा.लि.ले वुटवल, भैरहवा सुनौली, कृष्णनगर, अर्घाखाँची लगायतको क्षेत्रमा सेवा दिदै आएको छ भने केही समय पछि धनगढी र महेन्द्रनगरसम्म उक्त सेवाकै हाईस माइक्रो बस सेवा संचालन गर्ने भएको अध्यक्ष बरालले बताए।

# शितलादेवी मन्दिर सेवा समितको अध्यक्षमा मिनकाजी

ललित अधिकारी/तुलसी धमला
पोखरा, ३० बैशाख

पोखरा महानगरपालिका वडा नम्बर १२ स्थित शितलादेवी मन्दिर सेवा समितिको नवौं साधारण सभा तथा चौथो अधिवेशनले मिनकाजी कार्कीलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको छ।



शनिबार सम्पन्न भएको अधिवेशनले कार्कीलाइ अध्यक्षमा चयन गरको हो । उपाध्यक्षमा शिब बहादुर कार्की,सचिव विष्णु कुमार श्रेष्ठ,सह-सचिव पूर्ण बहादुर गुरुङ,कोषाध्यक्ष सीता शर्मा अधिकारी चयन भएका छन।

त्यस्तै सदस्यहरु हरि कुमार राजभण्डारी,ईन्द्र कुमारी गुरुङ,शुशिला श्रेष्ठ,रमेश नेपाली,कल्पना कार्की र अखिल सुवेदी रहेका छन । प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नम्बर १२ का अध्यक्ष सन्तोष बास्तोलाले उद्धघाटन सत्रमा बौल्दै ऐतिहासिक महत्व बोकेको शीतलदेवी मन्दिरको विकासमा वडाले सबै किसिमको सहयोग गर्ने बताएका छन।

शीतलादेवी मन्दिर सेवा समितिका निर्वतमान अध्यक्ष भुवन प्रकाश आचार्यको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठ,त्रिशक्ती दुर्गा मन्दिर सेवाका अध्यक्ष नेरश बहादुर कार्की,शितलादेवी सामुदायिक मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टीका बहादुर कार्की,समाज सेवी कृषि विज्ञ अनिल सुवेदी,निर्वतमान कोषाध्यक्ष शिव बहादुर कार्की,सचिव विष्ण कुमार श्रेष्ठ लगायतले बोलेका थिए।

वि.सं १८०० सालमा निशानथर भएको व्याक्तिका नामबाट यस संस्थाको जग्गा भोग चलन भएको इतिहास छ भने पछि उनी नोकरीको शिलशिलामा सेनामा कार्यरत रहेको र त्यहि समयमा आफ्ना सिपाहीहरु बिरामी भई शत्रुसंग लड्न असमर्थ भएको अवस्थामा तिनै व्यक्तिलाई राती सपनामा चेष्टा दिई म शितालादेवी हुँ तिम्रा सिपाहीहरु मैले बिरामी बनाएको हो । मेरो सेवा गर तिम्रो मनकामना पुरा हुन्छ । म तिम्रो जग्गा वरीपरी बसेकी छु भनेको हुँदा तिनै व्यक्तिले देवीको सेवा गरेको हुनाले सिपाहीहरु निको भई शत्रुलाई पराजय गरी फर्केको इतिहास रहेको छ। सोही जग्गामा भएको शिलालाई मठ बनाई ज्योतिष एवं तान्त्रिकको सल्लाहअनुसार पूजा आजा गर्दे आईरहेको इतिहास छ।

नवनिर्वाचित कार्कीले यस्तो ऐतिहासिक महत्व बोकेको शितलादेवी मन्दिरमा आउने भक्तजनहरुलाई सहज हुने गरि संरचना निर्माण र मन्दिरको नाममा रहेको जग्गा संरक्षणमा आफुले कुनै कसर नराख्ने बताएका छन।

# घार्मीमा ट्राफिक सचेतना, सुरक्षा गस्ती वढाउन आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

पोखरा महानगरपालिका वडा नं १९ घार्मीको राम्चेमा ट्राफिकसचेतनाकार्यक्रमसम्पन्न भएको छ।



ट्राफिक सप्ताहको अवसरमा सामुदायिक प्रहरी बिट लामाचौरको आयोजना तथा वडा कार्यालय पोखरा १९ को सहयोगमा संचालित कार्यक्रममा प्रहरी बिटका प्रमुख हवल्दार गौतम श्रेष्ठले ट्राफिक नियमको पालना गर्न सकेमात्रै दुर्घटनाबाट जोगिन सकिने बताउनुभयो। उहाँले दुर्घटनाको प्रमुख कारण हेलचेक्राइँ भएको बताउँदै, साधन चलाउँदा सावधानी अपनाउनु पर्नेमा जोड दिनुभयो।

वडा सचिव श्रीराम पौडेलले घार्मी क्षेत्रमा विस्तारै विकास निर्माणले तिब्रता पाएको बताउँदै, सवारी साधन र मानविय किर्याकलाप बद्दै गएकाले प्रहरी गस्ती वढाउनु पर्नेमा जोड दिनुभयो । उहाँले पछिल्लो समयमा युवा युवतीहरु सवारी साधन चलाउँदा ट्राफिक नियमको पालना नगरेको पाइएको भन्दै, त्यस तर्फ सचेत हुन आग्रह गर्नुभयो।

वडा सदस्य कल्पना सुनारको अध्यक्षतामा भएको कार्यक्रममा गायत्री टोल विकास संस्थाका अध्यक्ष बलराम पौडेल, समाजसेवी तेजेन्द्र पौडेल लगायतकाले घार्मी पर्यटकीय क्षेत्र भएकाले यहाँ मानिसको आवतजावत बढेकोले सुरक्षा गस्ती वढाउन आग्रह गरे।उनिहरुले यस्ता कार्यक्रमलाई निरन्तरता दिन प्रहरी र वडा कार्यालयलाई सुझाव दिए।पोखरा १६ मा पनि आजै ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ।

# धवलागिरि हिमालमा बेपत्ताको शव सात महिनापछि भेटियो

पोखरापत्र संवाददाता
म्याग्दी, ३० बैशाख

धवलागिरि हिमालमा बेपत्ता भएका एक पर्यटक मजदुरको शव सात महिनापछि भेटिएको छ।

पाँच हजार मिटर उचाइमा रहेको फ्रेञ्च पासमा भेटिएको शव शनिबार घटनास्थलबाट पोखरा हुँदै काठमाडौं लगिएको छ। उद्धारमा संलग्न म्याग्दी दानाका इन्द्रसिंह शेरचनले सिन्धुपाल्चोकको लिपा गाउँपालिका-१ का २७ वर्षीय देव लामाको शव भेटिएको जानकारी दिनुभयो।

“गत असोज २० गतेदेखि बेपत्ता लामाका आफन्तको अनुरोधमा खोजी गर्ने क्रममा हिउँले पुरिएको अवस्थामा शव भेटिएको छ”, उहाँले भन्नुभयो, “नेपाली सेनाको हेलिकोप्टरले लामाको शव आजै काठमाडौं लगेको छ।”

शेरचनसहित सेनाका दुई जना, दुई जना शेर्पा र देवका काका सुनिल लामाको टोली फ्रेञ्च पासमा पुगेर शव ल्याएका हुन् । काठमाडौंको फोर सिजन ट्रेकिङ एजेन्सी कम्पनीमार्फत विदेशी पर्यटक लिएर धवलागिरि आधार शिविर पुगेका लामा बेपत्ता हुनुभएको थियो।

# जनताले महसुस गर्ने गरी काम गर्छौं : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
बागलुङ, ३० बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनताले अनुभूति हुने गरी काम गर्ने बताउनु भएको छ।

नेपाली कांग्रेस बागलुङले आयोजना गरेको भेटघाट कार्यक्रममा उहाँले आगामी नयाँ आर्थिक वर्षमा आउने बजेटमा जनताको प्रत्येक्ष आवश्यकतासँग जोडिएका कार्यक्रम समावेश हुने बताउनुभयो।

“आगामी आर्थिक वर्षको बजेट जनताका आवश्यकताका आधारमा आउँछ, कनिका छरे जस्तो बजेटले विकास हुन सक्दैन, जनताले दख्ने र महसुस गर्ने गरी काम गर्नेछौं”, उहाँले भन्नुभयो।

साना योजना र कामका लागि स्थानीय सरकारसँग समन्वय गर्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ।

◆मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
◆ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
◆मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
◆जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, गण्डकी प्रादेशिक कार्यालयको हटलाइन सेवा संचालनमा आएको बारे सूचना।

नेपाल विद्युत प्राधिकरणबाट प्रदान गरिने नोलाइट सेवा तथा ग्राहक सेवा सम्बन्धी गुनासो व्यवस्थापनको लागि, नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयले निशुल्क हटलाइन सेवा संचालनमा ल्याएकोले पैसा नलाग्ने हटलाइन नं. ११५० मा फोन गरी सेवा लिनु हुन जानकारीको लागि अनुरोध छ।

नेपाल विद्युत प्राधिकारण
गण्डकी प्रादेशिक, कार्यालय

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

**सम्पादकीय**

# भ्रष्टाचारविरुद्ध नागरिक खबरदारी

सडकमा भ्रष्टाचार बिरुद्ध आवाज घन्कीरहेको बेला नेकपा एमालेले लडाकु शिविर घोटाला काण्डलगायत चर्चामा आएका सबै काण्डहरूको निष्पक्षतापूर्वक छानबिन गर्न माग गरेको छाती काण्डहरू छानबिन गर्दा पार्टीले पूर्ण सहयोग गर्ने निर्णय एमालेले गरेको छ। बहुदलीय व्यवस्था पुनःस्थापना पछि नेता, कर्मचारी र लाभको पदमा पुगेका सबैको सम्पत्ति छानबिन गर्न नागरिकले माग गरिरहेका छन। भ्रष्टाचारविरुद्ध नागरिक सडकमा आउन थालेपछि पार्टीहरू पनि भ्रष्टाचारविरुद्ध वक्तव्यबाजीमा लागेका छन।

'नेपाली समाजमा भ्रष्टाचार र अनियमितता सङ्क्रामक रोगका रूपमा रहँदै आएको छ। यस्ता घटनाहरूको निष्पक्ष छानबिन र दोषीहरूलाई कानुनको दायरामा नल्याउँदा यसले लोकतान्त्रिक प्रणाली, राजनीतिक नेतृत्व र पार्टीहरूमाथि नै प्रश्न उठ्ने स्थिति सिर्जना भएको छ। यो बैठक लडाकु शिविर घोटाला काण्ड लगायत चर्चामा आएका सबै काण्डहरूको निष्पक्षतापूर्वक छानबिन अघि बढाउन सम्बद्ध निकायसमक्ष आह्वान गर्दछ,' एमालेको १६ बुँदे निर्णयमा भनिएको छ।

एमालेले नक्कली भुटानी शरणार्थी प्रकरणले मुलुकक प्रतिष्ठामाथि नै गम्भीर प्रश्न खडा भएको निष्कर्ष निकालेको छ। उक्त प्रकरणको कुनै राजनीतिक पूर्वाग्रह र दबाबबिना निष्पक्षरूपमा छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय होस् भन्ने माग गर्दछ। यस क्रममा हिरासतमा राखिएका व्यक्तिहरूलाई छानबिनको दायरामा आउनसक्ने व्यक्तिसँग अवैध रूपमा भेटघाट गराउने, पैसा दिएर मुद्दा मिलाउने प्रयाश गर्ने, असम्बद्ध व्यक्तिहरूको नाम लिन र आफू अनुकूलको बयान गराउन दबाब दिइएको जस्ता सूचना सार्वजनिक भएका छन्,' निर्णयमा भनिएको छ। प्रतिनिधिसभा र प्रदेशको निर्वाचनपछि एमाले केन्द्रीय कमिटीको बैठकमा पार्टीलाई गतिशील बनाउन अभियान चलाइएको छ।

एमालेले पाँच दलीय गठबन्धन सत्तामा रहँदा चालिएका विगतका राष्ट्रविरोधी नीति र कदमहरूको प्रभाव यतिबेला मुलुकको अर्थतन्त्रले झेल्नुपरेको निष्कर्ष एमालेको छ। 'व्यापारीका प्रतिनिधिहरूलाई अर्थ मन्त्रालयमा राखेर उनीहरूका स्वार्थ अनुकूल करका दर हेरफेर गरी बजेट बनाएको र अर्थतन्त्रको ठेक्का निश्चित व्यापारिक घरानालाई दिएको प्रभावस्वरूप यतिबेला मुलुक चरम आर्थिक संकटतर्फ धकेलिएको छ,' निर्णयमा भनिएको छ, 'यही गठबन्धनकै सरकारले चालू आर्थिक वर्षमा आठ प्रतिशत आर्थिक बृद्धिदर हासिल हुन्छ भनेर बजेटमा घोषणा गरेकोमा दुई प्रतिशत पनि हुन्छ कि हुन्न भन्ने अवस्था उत्पन्न भएको छ। एकातिर अत्यावश्यक क्षेत्रको बजेट कटौती गरिएको छ भने अर्कातिर बीचको छोटो अवधि हामीले अर्थ मन्त्रालय सम्हाल्दा आर्थिक मितव्ययिता अपनाउन लिइएका निर्णयहरू खारेज गरेर फजुल खर्चलाई निरन्तरता दिइएको छ। फलस्वरूप सामाजिक सुरक्षाको भुक्तानीमा समेत समस्या उत्पन्न भएको छ, सही रूपमा सञ्चालन गर्न हुने उद्योग-व्यवसाय पूरै प्रभावित भएका छन्।'

नयाँ लाइलेन्स, ठेक्कापट्टा र आयोजना जस्ता विषय सत्ता साझेदारहरूबीचको भागबण्डा र मिलेमतोमा निश्चित व्यापारिक समूहको हातमा सुम्पेर मुलुकलाई स्वार्थ समूहहरूको कब्जामा राख्ने कोशिसलाई तीब्रता दिइएको एमालेको आरोप छ। यसले व्यवसायीहरू अत्यन्त हतोत्साहित र निराश बन्न पुगेको र व्यवसाय बन्द हुने र उनीहरू पलायन हुने क्रम बढेको एमाले जनाएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# एमालेले कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय सम्मेलन गर्ने

**रासस**
काठमाडौं, ३० बैशाख

नेकपा (एमाले)ले कम्युनिष्ट पार्टीको 'अन्तर्राष्ट्रिय सम्मेलन' गर्ने भएको छ। एमालेको ललितपुरस्थित पार्टी मुख्यालयमा तीन दिनसम्म चलेको केन्द्रीय कमिटीको बैठकले नेपालमा कम्युनिष्ट पार्टी स्थापना भएको ७५ वर्षका अवसरमा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको हो।

विश्व कम्युनिष्ट आन्दोलनका लागि नेपालको कम्युनिष्ट आन्दोलन उदाहरणीयरुपमा रहेकाले यही वर्ष कम्युनिष्ट पार्टीको अन्तर ाष्ट्रिय सम्मेलन गर्न लागिएको एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजालले जानकारी दिनुभयो। "जनताको बहुदलिय जनवादका माध्यमबाट हामीले कम्युनिष्ट आन्दोलनमा ठूलो योगदान दिएका छौं। आजको सन्दर्भलाई लिएर मार्क्सवादको सिर्जनात्मक प्रयोग लिएर विश्वका कम्युनिष्ट पार्टीको सम्मेलन गर्न थालेका छौं", उहाँले भन्नुभयो। एमालेले पार्टीलाई यहाँसम्म ल्याउन सहयोग गर्ने, आफ्नो जीवनलाई दाउमा राखेर सेल्टर उपलब्ध गराउनेको सम्झना गर्दै 'सेल्टर पुस्तक' प्रकाशन गर्ने निर्णय गरेको छ। एमालेले नेपालको कम्युनिष्ट आन्दोलनको विकासका क्रममा विभिन्न ऐतिहासिक ठाउँले भूमिका निर्वाह गरेको र ती ठाउँको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि स्मारक निर्माण गर्ने निर्णय गरेको उपप्रमुख रिजालले जानकारी दिनुभयो। यसैगरी एमालेले दुई महिने ग्रासरुट अभियानलाई निरन्तरता दिने निर्णय गरेको छ। पार्टी निर्माणका लागि केन्द्रीय सदस्यले आफ्नो भूगोलभन्दा बाहिर गएर एक वर्षसम्म योगदान गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो। "एक वर्षसम्म केन्द्रीय कमिटीका नेता फरक भूगोलमा गएर पार्टी निर्माणमा खट्नुहुने छ", रिजालले भन्नुभयो, "मिसन ग्रासरुट अभियानकै क्रममा निरन्तरता दिन केन्द्रीय नेता फरक जिल्लामा गएर पार्टी सङ्गठन सुदृढीकरण अभियानमा खटिनुहुने छ।" यही वैशाख २८ गतेदेखि सुरु भएको एमाले केन्द्रीय कमिटीको बैठक आज सकिएको छ।

# क्याम्पसले उद्यमशीलता सहायता कार्यक्रम गर्ने

**रासस**
चितवन, ३० बैशाख

जिल्लामा रहेर व्यवस्थापन सङ्काय अध्यापन गराउने तीन वटा क्याम्पसले उद्यमशीलता सहायता कार्यक्रम सञ्चालन गर्ने भएका छन्। सप्तगण्डकी बहुमुखी क्याम्पस, सहिद स्मृति बहुमुखी क्याम्पस र प्रेसीडेन्सी कलेज अफ म्यानेजमेन्ट साइन्सेसले विश्वविद्यालय अनुदान आयोगको 'एनइएचइपी' परियोजनाअन्तर्गत उद्यमशीलता सहायता कार्यक्रम सञ्चालन गर्न लागेका हुन्।

विश्वविद्यालयले माग गरेको आशयपत्रको मूल्याङ्कनअनुसार १८ वटा क्याम्पसमा यस परियोजनामा छनोट भएकोमाती क्याम्पसले संयुक्तरुपमा शुक्रबार यहाँ पत्रकार सम्मेलन गरेर कार्यक्रम कार्यान्वयनको लागि अहिले पाठ्यक्रम निर्माण गरी तालिम र आर्थिक सहायतालाई इच्छुक उद्यमी छनोट गर्ने चरणमा रहेको जानकारी दिइयो। कार्यक्रममा प्रतिवर्ष प्रतिक्याम्पस ३० जना विद्यार्थी, पूर्वविद्यार्थी र युवा प्राध्यापक छनोट हुने छन्। तालिम प्राप्त गरिसकेपछि मूल्याकङ्नमा छनोट भएमा आफ्नो व्यावसायिक सोचअनुरुपको प्रस्ताव पेस गरेर विश्वविद्यालय अनुदान आयोगको मापदण्ड पूरा गरेपछि प्रस्तावित लगानी रकमको ६० प्रतिशत विश्वविद्यालयले बेहोर्ने छ। रु पाँच लाखदेखि रु ४० लाखसम्म प्रतिप्रस्ताव सहायता रकम प्राप्त गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

यो रकम तीन वर्षसम्म बिनाब्याज प्रयोग गर्न पाइने छ। सहायता रकम पाउन कार्यक्रमको प्रक्रियाभित्र रही आवेदन पेस गरेपछि प्राप्त आवेदनमध्येबाट प्रत्येक क्याम्पसमा गठन भएको निर्णायक समितिले इच्छुक उद्यमी छनोट गर्ने छ।

क्याम्पसबाट छानिएको आवेदन विश्वविद्यालय अनुदान आयोगले स्वीकृत गरेपछि मात्र तोकिएको अनुदान किस्ताबन्दीमा व्यवसायको प्रगतिअनुसार प्राप्त गर्नसक्ने छन्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ हरिपाउ, कास्की हरिपाउ मैदान र ढिकीडाँडा विचको पहिरो नियन्त्रण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** हरिपाउ मैदान र ढिकीडाँडा विचको पहिरो नियन्त्रण
**स्थानः** पोखरा–१६ हरिपाउ, कास्की
**योजना सम्झौता मिति :** २०८०/०१/१० गते
**योजना सुरु भएको मिति :** २०७९/०१/११ गते
**योजना सम्पन्न मितिः** २०७९/०२/२० गते
**योजनाको कुल लागत :** रु. ६,००,०००।–
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.६,००,०००।–
**उपभोक्ता समिति अध्यक्षः** बुद्धिसागर आचार्य
**सम्पर्क नं.:** ९८४६९४३१३४
**उपभोक्ता समिति सदस्य संख्याः** ७ जना महिलाः ३ जना
**इन्जिनियरः** हरि बस्नेत

**हरिपाउ मैदान र ढिकीडाडा विचको पहिरो नियन्त्रण उपभोक्ता समिति पोखरा-१६, हरिपाउ, कास्की**




बाख्रापालन :
म्याग्दीको अन्नपूर्ण गाउँपालिका वडा नं ६ वैसरीका किसान धनबहादुर बरुवालले आफ्नो होलिडे कृषि तथा पशुपंक्षी फर्ममा गर्नुभएको बाख्रापालन। तस्बिरः वासुदेव पौडेल / रासस

# लायन्स क्लब अफ पोखरा चौतारीको अध्यक्षमा सागर ऐर निर्वाचित

**प्रेम बहादुर आले**
पोखरा, ३० बैशाख




लायन्स क्लब अफ पोखरा चौतारीको बर्ष २०२३/२४ का लागि सागर ऐरको अध्यक्षमा नयाँ नेतृत्व निर्वाचित भएको छ।

जसमा प्रथम उपाध्यक्ष परसुराम पौडेल, द्वितीय उपाध्यक्षमा उत्तम के.सी, तृतीय उपाध्यक्षमा रामचन्द्र अधिकारी, सचिवमा बिनय आचार्य, कोषाध्यक्षमा केबल गिरी र मार्केटिङ प्रमुखमा किरण सापकोटा सर्बसम्मत निर्वाचित हुनुभएको छ। निर्वाचन प्रोग्राम कोडिनेटर पुरशोत्तम पराजुलीले क्लबले लायन्स अन्तराष्ट्रिय मर्म अनुरुप सामाजिक क्षेत्रमा पुर्याएको योगदानको प्रशंसा गर्नुभएको हो।

क्लबका निर्वतमान अध्यक्ष गुरु प्रसाद पौडेल को अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा पुर्व अध्यक्षहरु हरिहर सापकोटा, कुमार बास्तोला, बिश्व बिजुक्छे लगायतको उपस्थिति रहेको थियो।

# म्याद सकिँदा पनि अस्पताल भवनको काम सकिएन

**रासस**
बागलुङ, ३० बैशाख

आगामी आसर मसान्तमा तोकिएको समयसीमा सकिनलाग्दा बागलुङनगर अस्पतालको पहिलो तला मात्रै ढलान भएको छ। निर्माण व्यवसायीको ढिलासुस्तीका कारण नगर अस्पतालको भवन समयमा निर्माण सम्पन्न नहुने भएको हो।

लामो समय अलपत्र अवस्थामा रहेको अस्पताल भवनको काम धिमा गतिमा छ। बागलुङ नगरपालिकाले पटक-पटक ताकेता गर्दासमेत निर्माण व्यवसायीले कामको गति नबढाएको स्थानीयको गुनासो छ। निर्माण सम्झौताको २१ महिना बितिसक्दा कम्पनीले पहिलो तला मात्रै ढलान गरेको छ। दोस्रो तलाका लागि पिल्लर बनाउने काम सुस्त छ। पन्ध्र शय्याको अस्पताल भवन निर्माण गर्न श्री महालक्ष्मी जुगल जेभीसँग २०७८ असार २३ गते ठेक्का सम्झौता गरिएको थियो। रु १२ करोड ८७ लाखमा सम्झौता भएको भवनको ३५ प्रतिशत मात्रै भौतिक प्रगति भएको नगरपालिकाका इञ्जिनियर त्रिलोचन गिरीले बताउनुभयो। भवन २०८० असार २० गतेसम्म सक्नुपर्ने सम्झौता छ। अस्पतालको प्रवेशद्वार, पार्किङलगायत साढे दुई तलाको लिफ्टसहितको अस्पताल निर्माण गर्ने 'स्टिमेट' छ।

"यस्तो गतिले समयमा काम सकिँदैन, निर्माण समयमा सक्न निर्माण व्यवसायी जिम्मेवार हुनुपर्छ", अनुगमनका लागि अस्पताल भवन निर्माणस्थल पुग्नुभएका जिल्ला समन्वय समितिका प्रमुख अमर थापाले भन्नुभयो, "अस्पताल भवन जस्तो महत्वपूर्ण भवन निर्माणमा ढिलाइ हुनु दुःखद हो।" उहाँले निर्माण कम्पनीले प्राविधिक जनशक्तिको निगरानी बिना नै भवन निर्माणको काम गरिरहेकाले त्यसलाई तत्काल सच्याउन आग्रह गर्नुभयो।

लामो समयको प्रयास र पहलपछि नगरपालिकाको नगर अस्पताल पैयुँपाटामा निर्माण सुरु भएको थियो। अस्पताल भवन निर्माण अघि बढे पनि निर्माण व्यवसायीले लापरबाही गर्दा काम सम्पन्न हुनेमा स्थानीय सशङ्कित छन्। भवनको काम छिट्टै सकाउन नगरका तर्फबाट सबै प्रयास भइरहेको नगर उपप्रमुख राजु खड्काले बताउनुभयो। "व्यवसायीलाई ताकेता गरिरहेका छौं, अस्पतालको सेवा थप गर्न डाक्टरको माग गरी पदपूर्ति गरे पनि डाक्टर बस्नु भएन, अरू प्रयास भइरहेका छन्", खड्काले भन्नुभयो। बागलुङ-१३ पैयुँपाटा स्वास्थ्यचौकीलाई नै नगर अस्पतालका रूपमा नामकरण गरिएको थियो। सरकारले प्रत्येक पालिकामा १५, १० र पाँच शय्याको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्यअनुसार स्वास्थ्यको पहुँचबाट टाढा रहेको नगरपालिकाको दक्षिण भेगलाई लक्षित गरी नगर अस्पताल निर्माण थालिएको भए पनि अस्पताल भवन निर्माणमा ढिलाइ हुनु र अस्पतालको स्वास्थ्य सेवा प्रभावकारी नहुँदा समस्या भएको छ। नगरपालिकाको रायडाँडा, पैयुँपाटा, अमलाचौर र नारायणस्थनका बासिन्दालाई अस्पताल निर्माणसँगै स्वास्थ्य सेवा लिन सहज हुनेछ। अस्पतालमा एमडिजिपीसहित तीन चिकित्सक आवश्यक रहे पनि अहिले मेडिकल अधिकृत राख्न नसकिएको नगर स्वास्थ्य शाखाले जनाएको छ। स्थानीयको नौ रोपनी जग्गा नगर अस्पतालका नाममा पास गरेपछि अस्पताल निर्माण अघि बढेको थियो। निर्माण कम्पनीले भने सडकको असुविधाका कारण समयमा काम गर्न नसकेको बताउने गरेको छ।

# भ्रष्टाचार नियन्त्रणमा शिक्षकको अहम् भूमिका : मन्त्री गुरुङ

**रासस**
चितवन, ३० बैशाख

कानुन, न्याय तथा संसदीय मामीलामन्त्री धनराज गुरुङले देशमा व्याप्त भ्रष्टाचार नियन्त्रणका लागि शिक्षकहरूको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ।

नेपाल शिक्षक सङ्घको ३४औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित नवप्रवेशी शिक्षक स्वागत तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले शिक्षकले दिने शिक्षा र आचरणबाट भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह हुने बताउनुभयो। शिक्षकले दिने शिक्षाले भ्रष्टाचार नियन्त्रणसँगै समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने मन्त्री गुरुङको भनाइ थियो। अहिलेका शिक्षक भविष्यका देश चलाउने व्यक्ति भएको भन्दै उहाँले सानैदेखि असल शिक्षा दिन जरुरी रहेको बताउनुभयो।

शिक्षकबाट पाउने ज्ञानलाई बालबालिकाले पछि भविष्यमा उतार्ने भन्दै सच्चा नागरिक बन्न सिकाउनुपर्ने उहाँको भनाइ थियो। देशमा पछिल्लो समय गाँजिएको भ्रष्टाचारको जालो तोड्न सरकार लागिपरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार आफ्नो काममा दृढ छ। जनताको पक्षमा काम गर्न सरकार बनेको हो।" सरकारलाई नेताको घरको रुवाबासीभन्दा जनताको घरको रुवाबासीले पिरोल्ने गरेको उहाँको भनाइ थियो। पछिल्लो समय कांग्रेसका नेताहरूसमेत भ्रष्टाचार मुद्दामा मुछिएको भन्दै मन्त्री गुरुङको जो-कोही भए पनि नछाड्ने बताउनुभयो। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य टेकप्रसाद गुरुङले कांग्रेसभित्रको आन्तरिक समस्या समाधानका लागि छलफल भइरहेको बताउनुभयो।

# कृषकलाई प्राविधिक ज्ञान दिन बारीमै पुगे कृषिका कर्मचारी

**रासस**
दमौली, ३० बैशाख (रासस)

व्यावसायिकरूपमा खेती गरिरहेका कृषकलाई प्राविधिक ज्ञान दिन कृषि ज्ञानकेन्द्र तनहुँका कर्मचारी बारीमै पुगेका छन् । सुन्तला र कागती खेती गरिरहेका कृषकलाई आवश्यक जानकारी प्रदान गर्न केन्द्रका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीलगायत प्राविधिक कृषकको बारीमै पुगेका हुन् ।

ऋषिङ गाउँपालिका-३ दुवुङमा सुन्तला खेती गरिरहेका कृषक तिलबहादुर थापा र देवघाट गाउँपालिका-२ खाल्टेमा कागती खेती गरिरहेका कृषक मनिष मल्ललाई भेटेर उक्त खेतीका सम्बन्धमा गर्नुपर्ने प्राविधिक ज्ञानका बारेमा जानकारी गराइएको तिवारीले जानकारी दिनुभयो । तिवारीले भन्नुभयो, "कृषक कार्यालयसम्म आउनुपर्ने बाध्यता र ज्ञानको अभावमा खेती राम्रो नहुने भएकाले सम्बन्धित ठाउँमै पुगेर प्राविधिक ज्ञान दिइएको हो, यसले गर्दा कृषकलाई पनि सहज हुन्छ ।" ऋषिङ-३ का थापाले छ रोपनी क्षेत्रफलमा दुई सय ५० बोट सुन्तला खेती गर्नुभएको छ । सुन्तला खेतीका लागि उहाँले मल्चिङ प्रविधि अपनाउनुभएको छ । मल्चिङ गर्दा सुन्तलाका बोट राम्रो हुने भएकाले प्राविधिकको सल्लाहबमोजिम नै मल्चिङ गरिएको थापाले बताउनुभयो । "कृषि ज्ञान केन्द्रले गत वर्ष तालिमका क्रममा सुन्तला खेतीमा मल्चिङ गर्दा हुने फाइदाका बारेमा सिकाएको थियो, सोही प्रविधि अपनाएर यो वर्ष खेती गरिएको छ", थापाले भन्नुभयो । ज्ञान केन्द्रका प्रमुख तिवारीले मल्चिङ गरेको प्रविधि एकदम राम्रो रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "तालिममा पनि यसबारेमा भनेका थियौँ, तालिमअनुसार मल्चिङ भएको रहेछ, यो क्षेत्र दक्षिण भाग रहेकाले सुख्खायाममा पानीको अभाव हुन्छ, यसलाई अभियानकैरूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।" कृषिमा प्राविधिकको नियमित अनुगमन महत्वपूर्ण रहेको जनाउँदै तिवारीले भन्नुभयो, "हरेक स्थानीय सरकार र प्रदेश सरकारबाट अनुगमन भए कृषकलाई हौसला मिल्नेछ, कृषकलाई सुधार गर्न सजिलो हुन्छ ।" देवघाट-२ का मल्लले २० रोपनी क्षेत्रफलमा छ सय बोट कागती खेती गर्नुभएको छ । मल्लले कागती खेती गरे पनि काँटछाँटको समस्या हुँदा झाडी भएकाले त्यसलाई व्यवस्थापन गर्न सुझाव दिइएको छ ।

"कागतीका बोटका हाँगालाई व्यवस्थित नगरेको पाइयो, बाक्लो हाँगा राख्न हुँदैन, चोर हाँगा समय समयमा कटान गर्नुपर्छ", तिवारीले भन्नुभयो, "कृषकलाई यसबारेमा जानकारी नहुनसक्ने भएकाले फिल्डमै पुगेर जानकारी गराएका हौं ।"

कृषि कार्यालयका प्रमुखसहितको टोलीले फिल्डमै आएर प्राविधिक ज्ञान दिँदा सहज भएको कृषक मल्लले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीलाई सबै कुराको थाहा हुँदैन, सदरमुकामसम्म पुग्न टाढा छ, बारीमै आएर यसरी अनुगमन गर्दा सजिलो भयो ।"

# पोखरा १९ मा आमा समुह स्तरीय हाजिरीजवाफ

**ललित अधिकारी/तुलसी धमला**
पोखरा, ३० बैशाख




पोखरा महानगरपालिका वडा १९ मा महिला समुहका विच हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

पोखरा मनपा सामाजिक बिकास महाशाखाको आर्थिक सहयोग, पोखरा मनपा वडा नं १९ को समन्वयमा र सम्झना आमा समुह तल्लाडाडाको आयोजनामा सम्पन्न भएको प्रतियोगितामा कुल १० टिम सहभागि भएका थिए । उक्त कार्यक्रममा सृजनशिल आमा समुह (डाडागाम) प्रथम स्थान हासिल गर्यो भने जनजागृति आमा समुह (तल्लाकोट ठाटी) ले दोस्रो स्थान हासिल गर्यो, तेसै गरी चारघरे जागृति आमा समुह (चारघरे) तृतीय हासिल गर्यो भने जुनेली आमा समुह (गोस्ते) ले सान्त्वना स्थान हासिल गरी नगद पुरस्कार सहित सम्ममान गरिएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि वडा नं १९ का वडा सदस्य बिकास कुमार आचार्यले विजयी टिमलाई नगद पुरस्कार वितरण गर्नुभएको थियो। विजयी टिमलाई नगद ४ हजार, ३ हजार,२ हजार र १ हजार पुरस्कार दिइएको थियो ।

कार्यक्रममा बिशेष अतिथि बड़ा सदस्य दुर्गा देबी बस्नेत, अतिथिहरु बिन्ध्येश्वरी माबिका प्राध्यानाध्यापक श्रीराम आचार्य, भारती भवनका शिक्षिका सृजना खनाल, डाडाचारघरे साकोसका अध्यक्ष तुलसी बास्तोला, समाजसेबी बुबा ऋृषिराम बास्तोला लगायतकाले वोलेका थिए ।

समुहका अध्यक्ष जमुना बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रम बुद्धिकला बास्तोला ले सन्चालन गर्नु भएको थियो ।

# सर्वेक्षण भएको १८ वर्षपछि कार्यान्वयनको तयारीमा...

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० बैशाख

अठार वर्षअघि सर्वेक्षण गरिएको एक सय ८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना निर्माणको तयारी भएको छ ।

म्याग्दी र मुस्ताङमा संरचना रहने गरी प्रस्ताव गरिएको आयोजना डेढ दशकपछि निर्माणको प्रक्रियालाई अगाडि बढाइएको हो । हाइड्रो सोलुसनबाट गत मङ्सिरमा कालीगण्डकी गर्जको स्वामित्व लिएको त्रिवेणी इनर्जी प्रालिले आयोजना निर्माणको प्रक्रिया अघि बढाएको हो ।

विसं २०६३ मा आयोजनाको पहिलोपटक सर्वेक्षण गरिएको आयोजना लगानीको स्रोत जुट्न नसक्दा कार्यान्वयन हुनसकेको थिएन । मुस्ताङको थासाङ गाउँपालिकाको घाँसमा बाँध र म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा विद्युत्गृह प्रस्ताव गरिएको म्याग्दी जिल्लाको सबैभन्दा ठूलो यो आयोजनाको छ किलोमिटर लामो सुरुङ निर्माण गरिने छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको विसं २०७५ असारमा भएको चीन भ्रमणका क्रममा बेइजिङस्थित नेपाली दूतावासमा आयोजनाको प्रवर्द्धक हाइड्रो सोलुसनका सञ्चालक ज्ञानेन्द्रलाल प्रधान र युनाङ सिङ हवा वाटर कन्जरभेसन एन्ड हाइड्रोपावरका प्रतिनिधिबीच लगानीसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

चिनियाँ पक्ष लगानीबाट पछि हटेपछि आयोजना कार्यान्वयन हुनसकेको थिएन । त्रिवेणी इनर्जी प्रालिका प्रशासन प्रमुख विजय कार्कीले स्वदेशी लगानीमा कालीगण्डकी गर्ज निर्माणको प्रक्रिया अघि बढाइएको बताउनुभयो । "हामी आयोजना बनाउने गरी आएका छौँ, आयोजना प्रभावित स्थानीयवासी र सरोकारवाला पक्षको साथ र सहयोगको खाँचो छ", उहाँले भन्नुभयो, "एक वर्षको अवधिमा आयोजनाको भौतिक संरचना निर्माणथाल्छौँ ।" अर्धजलाशययुक्त आयोजना निर्माणका लागि कम्पनीले गत फागुनमा नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) भइसकेको छ । "आयोजनाको कुल लागत रु ४३ अर्ब अनुमान गरिएको छ", उहाँले भन्नुभयो, "वातावरणीय प्रभाव मूल्याङ्कन गरिसकेपछि लगानी जुटाएर आयोजना निर्माण थाल्छौँ ।"

आयोजनाको परामर्शदाता रुप्से इन्भारोमेन्ट सोलुसन प्रालिले आयोजनाको वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनलाई अगाडि बढाएको छ । सोलुसनका आर्थिक, सामाजिक तथा सांस्कृतिक विज्ञ मुक्ति ढुङ्गानाले आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । म्याग्दी र मुस्ताङका जनप्रतिनिधि र सुरक्षा निकायका प्रमुखसहितको टोलीले शुक्रबार आयोजना क्षेत्रको स्थलगतरूपमा अनुगमन गरेको थियो । आयोजनाबाट वार्षिक एक अर्ब पाँच करोड ५५ लाख ५२ हजार तीन सय १३ युनिट बिजुली उत्पादन हुने अध्ययनले देखाएको छ । जसअनुसार बर्खामा ७१ करोड ७३ लाख ३८ हजार र सुक्खायाममा ३३ करोड ८१ लाख १३ हजार युनिट बिजुली उत्पादन हुने कम्पनीले जनाएको छ । सुक्खायाममा आयोजनाको पेकिङ अवधि दैनिक छ घण्टा हुने छ । आयोजनाले सुक्खायाममा पनि दैनिक छ घण्टा एक सय ८० मेगावाट बिजुली उत्पादन गर्ने छ । रन अफ दि रिभर प्रकृतिको आयोजनालाई अर्ध जलाशय बनाउन विद्युत् विकास विभागले सैद्धान्तिक सहमति दिएको थियो । आयोजनाले नारच्याङमा रु तीन करोडमा तीन सय रोपनी जग्गा अधिग्रहण गरेको छ । विद्युत्गृहबाट एक किलोमिटर नजिक रहेको दुई सय २० केभी क्षमताको दाना सबस्टेशनमा आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गराइने भएको छ ।

# मासिक २५ रुपैयाँको बचतबाट दुई करोड ऋण लगानी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० बैशाख

म्याग्दीको बेनीनगरपालिका-२ज्यामरुककोटस्थित ज्यामरुककोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्था बचत सङ्कलन र ऋण लगानीमा अब्बल सावित भएको छ ।

पाँच वर्षअघि विसं २०७५ मा छ जना दिदीबहिनी सङ्गठित भएर मासिक रु २५ सङ्कलन गरेर सुरु भएको संस्थामा यतिबेला रु ५० लाख शेयर रकम, रु एक करोड ४५ लाख बचत रकम र दुई करोड ऋण लगानी रहेको संस्थाका अध्यक्ष विष्णु थापाले जानकारी दिनुभयो ।

"हामीले संस्थामा जम्मा भएको रकम तीन सय दिदीबहिनीलाई ऋण लगानी गरेका छौँ, सदस्यबाट सङ्कलन गरेको बचत र शेयर रकम सदस्यमा नै लगानी भएको छ", अध्यक्ष थापाले भन्नुभयो । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रविधिक सहयोगमा ज्यामरुककोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको दुईदिने सहकारी शिक्षा तालिमका सहभागी महिलाले आफ्नो सहकारी आफैँले सुरक्षित गर्ने र समस्या आउन नदिने महिलाले प्रतिबद्धता जनाएका छन् । देशका विभिन्न ठाउँमा ठूलो कारोबार गर्ने सहकारीले बचत फिर्ता गर्न नसकेका समाचारको प्रभाव गाउँघरमा समेत पर्न थालेको चर्चा गर्दै उनीहरूले आफूहरूले चलाएको सहकारीमा कुनै समस्या नभएको र आगामी दिनमा पनि समस्या आउन नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

अन्यत्र यस्तो भयो, उस्तो भयो, हाम्रोमा के हुन्छ ? भन्ने आशङ्का व्यक्त गर्ने शेयर सदस्यलाई समेत उनीहरूले निर्धक्क भएर कारोबार गर्न आह्वान गरेका छन् । सहकारीमा गैरसदस्य समेतबाट रकम सङ्कलन गर्ने र सञ्चालकलगायत सीमित व्यक्तिले रकम चलाउने गरेका कारण केही सहकारीमा आएको समस्याले आमजनतामा नै सहकारीप्रति आशङ्का देखिएको उहाँले बताउनुभयो । अध्यक्ष थापाले सहकारीको समस्या पहिचान गर्ने, समस्या परेमा सहयोग गर्ने जिम्मेवारी शेयर सदस्यको भएकाले सहकारी क्षेत्रमा आएको समस्यालाई समाधान गर्न सदस्यको जागरुकता बढाउनुपर्नेमा जोड दिनुभयो ।

संस्थाका सचिव उमा शर्माले सहकारीप्रति देखिँदै गएको अविश्वास हटाएर सहकारीलाई थप व्यवस्थित र प्रभावकार ीरूपमा सञ्चालनका लागि सदस्य जागरण अभियान सुरु गरिएको जानकारी दिनुभयो ।

तालिममा सहजीकरण गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीको दिगोपना र प्रभावकारीताकालागिसदस्यलाई सचेत बनाउन आवश्यक रहेको बताउनुभयो ।

# सगरमाथा आरोहण शुरु

**-सिबी अधिकारी**
काठमाडौं, ३० बैशाख

यस वर्षको वसन्त ऋतुमा आजदेखि सगरमाथा आरोहण सुरु भएको छ ।

आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले आज दिउँसो सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो । प्रतिकूल मौसमका कारण तीन सातायता आरोहणको प्रतिक्षामा रहेका आरोही खुसी भएका छन् । सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीका अनुसार आइसफल डाक्टरले आज दिउँसो १ बजेर ५२ मिनेटमा सगरमाथाको चुचुरोसम्म बाटो खोलेर आरोहण खुलेको सन्देश दिएका छन् । "सगरमाथा समिटसम्मको रुट फिक्सिङ सक्यो, दिउँसो १ बजेर ५२ मिनेटमा आठ जना शेर्पा र एक फोटोग्राफर चुचुरोमा पुगे", कम्पनीका कार्यकारी निर्देशक दावा ग्याल्जे शेर्पाले राससलाई जानकारी दिनुभयो । अहिले धेरै संख्यामा आरोही सगरमाथाको चौथो शिविरमा रहेकाले भोलि विहानसम्म उल्लेख्य आरोही चुचुरोमा पुग्ने अनुमान गरिएको उहाँको भनाइ छ । "इमाजिन नेपालको शेर्पाको टोलीले समिटसम्म बाटो खोलेको छ । भोलि मे १४ देखि २० तारिखसम्म सगरमाथाको मौसम राम्रो रहेकाले धेरै आरोही चुचुरोमा पुग्नेछन्", उहाँले भन्नुभयो । दावा ग्याल्जे शेर्पा दोलखा रोलवालिङका शेर्पा अन्तर्राष्ट्रिय माउन्टेन गाइड समेत हुनुहुन्छ । रोप फिक्सिङ गर्ने समूहका अन्य सदस्यमा सोलुखुम्बु थामेका निमानुरु शेर्पा, लाक्पासोना शेर्पा, पासाङ निमा शेर्पा, लाक्पा तेन्जिङ शेर्पा, फुर ग्याल्जेन शेर्पा, दावा जङ्बु शेर्पा र सङ्खुवासभाका दीपेन गुरुङ रहनुभएको छ । "प्रतिकुल मौसमका कारण लामो समयदेखि रोप फिक्सिङको काम हुन सकेको थिए, आज मौसम अनुकुल भएसँगै डोरी टाँग्ने पूरा भएपछि आरोहणको सुरु भएको छ ।" उहाँले धेरै आरोही सगरमाथाको चुचुरोतर्फ जाने तयारीमा रहेको जानकारी दिनुभयो । यतिबेला सगरमाथाको आधार शिविर र दोस्रो शिविर आसपासमा आरोहणका लागि सयौं संख्यामा आरोही यतिबेला प्रतिक्षारत छन् । उनीहरू मौसम अनुकूलताअनुसार सगरमाथाको शिखरतर्फ अघि बढ्नेछन् । आइसफल डाक्टरले यही वैशाख १० गते नै सगरमाथाको साउथ कोल (चौथो शिविर)सम्म बाटो खुलाइसकेका थिए । मौसम अनुकूल भइदिएको भए वैशाख २१ गतेसगरमाथाको चुचुरोसम्म पुग्ने बाटो खुलिसक्थ्यो । सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपिसिसी) ले बाटो बनाएको थियो । वसन्त ऋतुको सगरमाथा आरोहणका लागि मौसम पूर्वानुमान गरिरहनुभएका एक वरिष्ठ मौसमविद्का अनुसार सगरमाथाको सात हजार ५०० मिटरमाथितिर तीव्र वेगको हावा चलेकाले पूर्वनिर्धारित ससयमा चुचुरोसम्म बाटो खुलाउन कठिन भएको थियो । उक्त क्षेत्रमा वैशाख २० गतेदेखि बिग्रिएको मौसम अहिले केही सुधार आएको हो । प्रतिघण्टा ४० देखि ५० किलोमिटर हावाको वेग चलेकाले आरोहणमा केही ढिलाइ भएको हो । वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार ४४ आरोही समूहका चार सय ६७ आरोहीले आरोहण अनुमति लिएका हुन् । जसमध्ये ९८ महिला र तीन सय ६९ पुरुष छन् । सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो यामको आरोहणमा सबैभन्दा बढी आरोहीको सङ्ख्या हो ।

आरोहणलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभागले सगरमाथा आधार शिविरमा अनुगमन तथा सहजीकरण गर्नका लागि सम्पर्क कार्यालय स्थापना गरेको छ । पर्यटन विभागको विवरणमा सगरमाथा आरोहणका लागि नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका छन् ।

सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेञ्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमन्ड हिलारीले सगरमाथाको चुचुरोमा पुगेर आरोहणको ढोका खुलाएका थिए । सगरमाथाको चुचुरोमा मानवले पहिलो पटक पाइला टेकेको ७० वर्ष पुगेको छ । सगरमाथा आरोहणको इतिहासमा हालसम्म करिब सात हजार स्वदेशी तथा विदेशीले आरोहण गरेका छन् । तथ्याङ्क अनुसार हालसम्म तीनसय भन्दा बढी आरोहीले सगरमाथा आरोहणका क्रममा ज्यान गुमाएका छन् । पर्वतारोहण सञ्चालक सङ्घ नेपालका अध्यक्ष डम्बर पराजुलीले मौसमलगायतका विभिन्न कठिनाइका बाबजुद पनि आरोहणको ढोका खुलेको बताउनुभयो ।


त्रिभुवन विश्वविद्यालय
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**दरभाउ पत्र आह्वानको सूचना**

१) ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शलबन्दी दरभाउपत्र आव्हाउनको सूचना ।
यस क्याम्पसको फरेष्ट्र प्रोडक्ट युटिलाईजेशन ल्यावका लागि थप Lab Equipments आवश्यक भएको हुँदा अनुमानित लागत भ्याट बाहेक रु, ७,३९,०००/- (सात लाख उनन्चालिस हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेका, Lab Equipment सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०८०/०२/१४ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

२) ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना ।
यस क्याम्पसका विभिन्न ल्यावहरुका लागि केही Lab Equipment आवश्यक भएको हुँदा अनुमानित लागत भ्याट बाहेक रु ११,८५,०००।- (एघार लाख पचासी हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेको, Lab Equipment सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०८०/०२/१४ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

३) सेवा करारमा हेभी सवारी चालक (ड्राईभर)को पदपूर्ति गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।
यस क्याम्पसका लागि हेभी सवारी चालक(ड्राईभर) पद एक व्यक्तिगत सेवा करारमा बढिमा छ महिनाका लागि पदपुर्ति गर्नुपर्ने भएको हुँदा अनदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/०२/१४ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसको वईवसाईट हेर्न वा क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख